# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर,प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

मो: ९८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail { info@mandavimun.gov.np
mandavimun2073@gmail.com


प.स २०८०/०८१
च.नं.

## जनता सँग स्थानीय सरकार कार्यक्रम संचालनका लागि योजना तथा कार्यक्रम माग गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८०/१२/१६**

माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत **जनता संग स्थानीय सरकार कार्यक्रम** संचालन गर्नुपर्ने भएकोले **जनता सँग स्थानीय सरकार कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९** को परिच्छेद २ मा रहेको तपसिलका आयोजनाका क्षेत्रहरुमा कार्यक्रम सन्चालन गर्न इच्छुक उपभोक्ता समिति/ टोल विकास संस्था /बेरोजगार सूचीमा सुचिकृत व्यक्ति/स्वदेश तथा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरु मिलि संयुक्त रुपमा योजना तथा कार्यक्रम माग गरि यो सूचना प्रकाशित मितिले ७ दिन (मिति २०८०/१२/२२ ) भित्र निवेदन सहित देहाय अनुसारका कागजातहरु यस गाउँपालिकाको कार्यालयमा पेश गर्नका लागि सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | योजना/कार्यक्रम माग गर्ने क्षेत्र | विवरण | कै. |
|---|---|---|---|
| १ | आर्थिक विकास | माण्डवी गाउँपालिकामा कृषि,पशु क्षेत्रको विकासको सम्भावनाहरुलाई मध्यनजर गर्दै ति क्षेत्रको विकासका लागि कृषकहरुलाई मूल्याङ्कनका आधारमा एकमुष्ट अनुदान कार्यक्रम, पर्यटन क्षेत्रको पहिचान र विकासका लागि संभावित क्षेत्रमा पुर्वाधार निर्माण तथा सामाजिक सांस्कृतिक पहिचानको संरक्षण र सम्बर्द्धन गर्ने खालका आयोजनाहरु,सहकारी क्षेत्रको विकासका लागि सहकारी संस्थाको सुदृढिकरणका लागि एकमुष्ट अनुदान कार्यक्रमहरु | |
| २ | पूर्वाधार विकास | गाउँपालिका अन्तर्गत दुर्गम वस्ती, पिछडिएको क्षेत्र, सिमान्तकृत व्यक्तिहरुको वसोवास गरेको स्थान, तथा दलित वस्ती केन्द्रीत ग्रामीण सडक,कृषि सडक, सिचाई, खानेपानी आयोजनाहरुको संरचना निर्माण र विद्युतिकरण विस्तार सम्बन्धि आयोजनाहरु, | |
| ३ | सामाजिक विकास | विकासको मुल प्रबाह भन्दा बाहिर रहेका महिला बालबालिका,जेष्ठ नागरिक अल्पसंख्यक समुदाय,द्धन्द्ध पिडित, दलित,अपाङ्ग व्यक्ति लक्षित विविध कार्यक्रमहरु संचालन गर्ने । शिक्षाको पहुँच भन्दा बाहिर रहेका बालबालिकाको संरक्षक स्विकार गर्ने र सामुदायिक विद्यालयमा पठन पाठनका लागि सहयोग हुने कार्यक्रमहरु,स्वास्थ्य उपचारका लागि कडा रोग लागेका अत्यन्तै गरिव दलित र असहाय व्यक्तिलाई उपचारका लागि सहायता कार्यक्रम | |
| ४ | सामाजिक समावेसीकरण | गरिव, असहाय,द्धन्द पिडित, दलित सिमान्तकृत वर्ग र क्षेत्रको उत्थान गर्नका लागि मागमा आधारित कार्यक्रम, | |
| ५ | अन्य क्षेत्र | क) गरिवी,असहायहरुको आवासका लागि घर नभएका समुदायको पहिचान गरि तिनीहरुको सुरक्षाका लागि घर निर्माणका लागि अनुदान दिने कार्यक्रम,विपद्का कारण घरबार विहिन भएका,मृत्यु भएका,वा गम्भिर प्रकृतिको चोट पटक लागेका व्यक्ति वा परिवारलाई विपद्को प्रभाव र जोखिमका आधारमा सहयोग वितरण कार्यक्रम,<br>(ख) शिक्षाबाट वञ्चितमा परेका वालवालिकाको गाउँपालिकाले अभिभावकत्व लिई निशुल्क पठन पाठनका लागि आर्थिक श्रोतको सुनिश्चितता गरिदिने कार्यक्रमहरु,<br>(ग) अपाङ्ग,वेवारिसे, द्धन्दपिडित घाईते वर्गलाई संरक्षण तथा सुरक्षा गर्नका लागि ति व्यक्तिको पहिचान ,संरक्षण र सुरक्षाका लागि विविध कार्यक्रम संचालन गर्न सकिनेछ । | |

**आवश्यक कागजात**

१. उपभोक्ता समिति तथा टोल विकास संस्थाको हकमा दर्ता/नवीकरण तथा सुचिकृत प्रमाण पत्र ।
२. उपभोक्ता समिति तथा टोल विकास संस्थाको योजना माग सम्बन्धी बैठकको निर्णय प्रतिलिपि ।
३. योजना तथा कार्यक्रम संचालन सम्बन्धी विस्तृत कार्ययोजना ।
४. प्रतिवद्धता पत्र ।
५. जग्गा विवरण आवश्यक हुने योजना तथा कार्यक्रमको हकमा जग्गा धनि लालपुर्जाको प्रतिलिपि वा जग्गा करारमा लिई कार्यक्रम संचालन गर्नेको हकमा न्यूनतम ५ वर्षको लागि प्रचलित कानुन बमोजिम भएको करार सम्झौताको प्रतिलिपि ।

**नोट: योजना तथा कार्यक्रम छनौट गर्ने/नगर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा निहित हुनेछ । आर्थिक वर्ष २०८०/०८१ मा छनौटमा पर्न नसकेका योजना तथा कार्यक्रमलाइ आगामी आ.व मा प्राथमिकता दिई संचालन गरिनेछ ।**

२०८०।१२।१६

प्रकाश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत